माडी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.न. :-

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/०८/२५ गते)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत माडी गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा गर्नको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आव्हान गरिएको छ ।

१. विज्ञापन नम्बर ०१/०८१/०८२

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाचौं तह) | १ (महिला) | ▪ मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ /नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइने छ ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष नघाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, exel, power point मा |



Scanned with CamScanner

**माडी गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**घर्तिगाउँ, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. : २०८१/०८२

च.न. :-

| | | | |
|---|---|---|---|
| | | | दिइएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>▪ नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

**कार्य अवधि :** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन /मुल्याङ्कनका आधारमा नवीकरण हुन सक्ने छ ।

परिक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक ।

**तलब तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिकयोग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट फोटो एक प्रति साथै आफूले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

**छनौट प्रकृया :**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक उल्लेखित पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी महिला दलित जनजाती तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकरात्मक विभेदको प्रकृया अवलम्वन गरिने छ ।

दरखास्त दिने अन्तिम मिति : २०८१/९/९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

संयोजक

पदपूर्ति समिति

Website: www.madimunrolpa.gov.np Email: madimunrolpa@gmail.com Phone : 086416013



Scanned with CamScanner